
# घुम्ने मेचमाथि अन्धो मान्छे



भूपी शेरचन

EXCHANGE (OLE) NEPAL

२०२६ सालको साझा पुरस्कार प्राप्त

# घुम्ने मेचमाथि अन्धो मान्छे

भूपी शेरचन

प्रकाशक : साझा प्रकाशन

संस्करण : पहिलो, २०२६ (११०० प्रति)
दोस्रो, २०२७ (११०० प्रति)
तेस्रो, २०३० (२१०० प्रति)
चौथो, २०३५ (२१०० प्रति)
पाँचौं, २०३८ (२१०० प्रति)
छैटौं, २०४१ (२१०० प्रति)
सातौं, २०४६ (२१०० प्रति)
आठौं, २०४९ (३१०० प्रति)
नवौं, २०५१ (३१०० प्रति)
दसौं, २०५५ (१०००० प्रति)
एघारौं, २०६२ (५१०० प्रति)
बाह्रौं, २०६४ (५१०० प्रति)

आवरणकला : टेकवीर मुखिया

मूल्य : रु. ३४।–

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर
फोन : ५५२१०२३, फ्याक्स : ५५४४२३६

ISBN: 978-99933-2-647-2

# समर्पण

म पाँच वर्षको शिशु हुँदा मेरी माताको निधन
भएको थियो । तर दाज्यू भईकन पनि
मलाई माता र पिता दुवैको माया
दिएर हुर्काउने मेरा परमपूज्य
माहिला दाज्यू सुब्बा कृष्णमान
शेरचनलाई म आफ्नो
कवितासङ्ग्रहको
यो संस्करण
सादर समर्पित
गर्दछु ।

– भूपी शेरचन

२०४२ साल

# प्रकाशकीय

घुम्ने मेचका अन्धालाई
साँघुरो चोकका धौतालाई
वीर भएका बुद्धूलाई
बुद्धू भएका वीरलाई
        हल्लै-हल्लाको देशमा
        चार भन्ज्याङ, यो चिसो एष्ट्रेमा
        उभ्याउने हामी होइनौं ।

'केही लेख्छन्
लामो सास फेर्छन्'
यस्ता भूपी शेरचन
हामीले दिक्क पारेपछि
एक दिन भन्छन्
'छाप्ने भए छाप्नू, खोजेर जहाँ जे छन् ।'

भयो ।

हामीले खोज्यौं, खोजायौं
अनि अलिकता रोजायौं,
ऐले यो संस्करणचाहिं
जस्ताको तस्तै बुझायौं ।

भूपीलाई फेरि पनि
साझा प्रकाशनको घेरोमनि
अर्कै रूपमा
अर्कै रङ्गमा
उजिल्याउने हाम्रो धोको छ ।
(त्यो गरिदिने उनीबाहेक अर्को को छ ?
त्यसैले उजूरको पोको छ ।)
अनि त्यसैले शुभकामनाको डोको छ–
भूपीले कलम नरोकून्,
शुभ्र, शान्त र स्निग्ध
मैनबत्तीको शिखालाई नछोपून् ।

वि. सं. २०२६ क. दी.

# कविताक्रम


| | |
|---|---|
| मेरो चोक | १ |
| मैनबत्तीको शिखा | ३ |
| सधैं-सधैं मेरो सपनामा | ५ |
| वसन्त | ८ |
| हामी | ११ |
| मेरो देश | १८ |
| मध्याह्न दिन र चिसो निद्रा | २१ |
| गलत लाग्छ मलाई मेरो देशको इतिहास | २३ |
| घुम्ने मेचमाथि अन्धो मान्छे | २६ |
| घण्टाघर | २९ |
| घैंटोभित्र वटवृक्ष | ३० |
| मेरा विगत सपनाहरू | ३१ |
| ए जून ! | ३२ |
| शहीदहरूको सम्झनामा | ३३ |
| पोखरा | ३४ |
| हो-चि-मिन्हलाई चिठी | ३६ |
| यो हल्लै-हल्लाको देश हो | ४० |
| ज्वरमुक्त सूर्य, जलनमुक्त आकाश र तृप्त ताल | ४३ |
| मर्दैछ हामीमा हामी बाँचेको युग | ४५ |
| साँझको नयाँ सडक जिन्दगीको जात्रा | ४८ |

नयाँ वर्ष ५१
पहिरो जाने पहाडमुन्तिर ५३
तीतरा, बट्टाई र भक्कूको राँगोका सन्तानहरूप्रति ५६
भैरहवा ५८
एक कविता ६१
दुई सेता कलिला हत्केलाका परेवा : तिम्रो नमस्ते ६४
चिसो एष्ट्रे ६६
अभिशप्त घर ६७
म ६८
रात काठमाडौं प्रातः ७१
शीत-युद्धकालका बाँदरहरू ७३
बेड-ल्याम्प ७५
प्रातः एक आघात ७६
मानी नभएको जिन्दगानी ७७
रिक्त शय्याको स्थानबाट ७८
मेरो जीवन लेकभैं ८०
'भूपी' शेरचन ८२
असार ८३
जीवनको अँध्यारो सडकमा ८५
हिंड्दा-हिंड्दै ८६
दुई टुक्रा ८७
मेरा साथीहरू ८८

# मेरो चोक

साँघुरो गल्लीमा मेरो चोक छ ।
यहाँ के छैन ? सबथोक छ ।
असङ्ख्य रोग छ,
अनन्त भोक छ,
असीम शोक छ,
केवल हर्ष छैन,
यहाँ त्यसमाथि रोक छ ।
साँघुरो गल्लीमा मेरो चोक छ ।
यहाँ के छैन ? सबथोक छ ।
यो मेरो चोकमा
देवताले बनाएका मानिस र
मानिसले बनाएका देवता
यी दुवैथरीको निवास छ ।
तर यहाँ यी दुवैथरी उदास छन् ।
दुवैथरी निराश छन् ।
मानिस उदास छन्
किनकि तिनलाई यहाँ
रात-रात-भरि उपियाँले टोक्छ

दिन-दिन-भरि रुपियाँले टोक्छ
र देवता उदास छन्
किनकि तिनलाई यहाँ
न कसैले पुज्छ, न कसैले ढोग्छ
त्यसैले यो चोकमा
देवता र मानिसले
एक-अर्कोलाई धिक्कार्दै
एकसाथ पुर्पुरो ठोक्छन्
साँघुरो गल्लीमा मेरो चोक छ।
यहाँ के छैन ? सबथोक छ।

(२०१७-साहित्य)

# मैनबत्तीको शिखा

शुभ्र, शान्त र स्निग्ध
शिखा मैनबत्तीको ।
मानौं,
प्रथम रजस्वलापछि
स्नान् गरेर
शारदीय घाममा
आफ्नो कौमार्य छरेर
थकित-थकित झैं
चकित-चकित झैं
एक्लै-एक्लै मुस्काइरहेको
अनुहार हो यो कुनै
सुन्दरी नवयुवतीको ।
शुभ्र, शान्त, स्निग्ध
शिखा मैनबत्तीको ।
आँखाभरि वेदनाको पानी
तर, हर्षले हाँसिरहेछ आँखाको नानी
मानौं, अप्रेशनपछि
होशमा आएर

घोर पीडामा पनि
शिर अलिक उठाएर
नवजात शिशुलाई निहालिरहेको
सन्तुष्ट आँखा हो यो
कुनै पुत्रवतीको ।
शुभ्र, शान्त र स्निग्ध
शिखा मैनबत्तीको ।
एकातिर धप्प-धप्प
बलिरहेछ अनुहार
अर्कातिर तप्प-तप्प
ढलिरहेछ अश्रुधार ।
मानौं यो कुनै विधवाको
त्यो क्षणको अनुहार हो
जब कि उसलाई आएछ याद
एकसाथ
सुहागरात र स्वर्गीय पतिको ।
शुभ्र, शान्त र स्निग्ध
शिखा मैनबत्तीको ।

(२०१६)

# सधैं-सधैं मेरो सपनामा

सधैं-सधैं मेरो सपनामा
असङ्ख्य युवती आमाहरू
मेरो अगाडि आउँछन्
र बहुलाई झैं
'अब मेरो दूधको कुनै मूल्य छैन
अब मेरो मातृत्वको कुनै अर्थ छैन–'
भन्ने गीत गाउँछन्
र मलाई देखाई-देखाईकन
सुँगुरका भद्दा गन्दा बच्चाहरूलाई झैं
आफ्नो अतिशय दूधले गानिएको
स्तन चुसाउँछन्
अनि एक्कासि
छाती पिट्तै
कपाल लुछ्तै मसँग आफ्ना हराएका छोराहरू माग्न थाल्छन्
सधैं-सधैं मेरो सपनामा
असङ्ख्य जीवनद्वारा लत्याइएका
र मृत्युद्वारा नपत्याइएका
जीर्ण तन वृद्धहरू

र विदीर्ण मन वृद्धाहरू
मेरो अगाडि आएर लम्पसार पर्छन्
र मसँग
आफ्नो अथाह भविष्यको सूत्र माग्छन्
आफ्नो हराएको एक मात्र पुत्र माग्छन्
सधैं-सधैं मेरो सपनामा
असङ्ख्य युवती विधवाहरू मेरो अगाडि आएर
आफूलाई सम्पूर्ण रूपमा नङ्ग्याउँछन्
र आफ्नो हिउँजस्तो कोमल तनमा
दुनियाँको कामुक आँखाले पोलेको
काला-काला डामहरू देखाउँछन्
र मसँग आफ्नो जीवनको सहारा माग्छन्
मसँग आफ्नो यात्राको किनारा माग्छन्
सधैं-सधैं मेरो सपनामा
क्षयका कीटाणु बोकेका
असङ्ख्य टुहुरा केटा-केटीहरू
मेरो अगाडि आउँछन्
र मसँग स्कूलको फीस
पुस्तक किन्ने पैसा
क्रिकेटको बैट
र पिताको चुम्बन माग्छन्
र माग्छन् सुरक्षा
र मिठो निद्राले भरिएको रात
यसरी नै सधैं-सधैं मेरो सपनामा
मलायाका असङ्ख्य-असङ्ख्य मानिसहरूको
आँसुको एक ठूलो सागर बन्छ

जसको प्रत्येक लहरमा
एक लाश माथि उठ्छ
एक लाश तल डुब्छ
तर डुब्नुभन्दा अगाडि मलाई
प्रत्येक लाशले घृणाले हेर्छ
आह, मेरो सपनामा मलाई
मेरो विपनाको इतिहासले घृणा गर्छ ।

(२०१६–शारदा)

## वसन्त

सारा ढोका र झ्यालहरू लातले खोलेर
डाँकाझैं आउँछ हावा कोठाभित्र
र एक छिनमै दराजहरू उघारेर,
कागतपत्रहरू पल्टाई हेरेर
केही नपाउँदा रिसले रन्थनिएर
अरू झ्यालहरूबाट हाम्फालेर भाग्दछ।
आकाशको आँखा दुखेको छ
ऊसित आँखा जुधाउँदा आफ्नै आँखा पीरो हुन्छ,
ज्वरपीडित सूर्य सकी नसकी हिंडिरहेछ आकाशमा
तुवाँलो भुवाको खास्टो ओढेर
झ्यालमा उभिएर एक्लै,
म बाहिर हेरिरहेछु
हेरिरहेछु र सोचिरहेछु– यो कस्तो वसन्त
यो चैतको दिनको कस्तो उराठलाग्दो पहर हो !
यो कस्तो मुर्दा शहर हो !

सडकका दुई किनारमा वसन्तको स्वागतार्थ
हरियो सारी हतार-हतार बेरेर उभिएका झ्याङहरू

अबीरका थाल बोकेका आरूका रूखहरू,
लावाका थाल बोकेका आलुबखडाका रूखहरू
अनि स्कूलका केटाकेटीहरूझैं
रङ्गीन झन्डाहरू हल्लाइरहेका फूलका सानासाना बोटहरू
म हेरिरहेछु
देखिरहेछु
र सोचिरहेछु
वसन्त यहाँ किन आउँछ विदेशी पाहुनाझैं
यो कस्तो औपचारिकता
किन आउँदैन ऊ त्यसरी
यसरी युवावस्थामा जुँघारेखी आउँछ ?
या हर्षमा मुस्कान
आफैं, अनायास र अनजान,
उफ् यो कस्तो वसन्त हो !
यो कस्तो वसन्त हो !
जता हेर्‍यो उतै देखिन्छ
भित्र ठोस हुन छाडेर
बाहिरै बाहिरै मात्र बढेर अग्ला भएका
बाँसका ठानाहरूलाई नुहेर
पश्चात्ताप गरिरहेका आफ्नो खोक्रोपनमाथि
आफ्नो हातको बलभन्दा
गर्‍हुङ्गो रातो फूल समाएका
कल्कीका बोटहरूलाई
दुई हात तल झारेर उभिरहेका
यी लत्रेका हातहरूले रातो फूल समात्ने के दर्कार
के अधिकार
टाढा-टाढासम्म उभिएका छन्

न्यास्रो अनुहार लाएका असङ्ख्य मौन घरहरू
प्रत्येक घरको मुखमा झुन्डिएको छ विदेशी ताल्चा
भोटे ताल्चा अथवा हिन्दूस्तानी ताल्चा
कुनै घरको मौलिक ओठ छैन
यो कस्तो वसन्त !
खोइ मानिसहरूले चोला फेरेका ?
खोइ घरहरूले बोक्रो फेरेका
खोइ
खोइ
खोइ
म चिच्याउन चाहन्छु– खोइ
तर खोइ मेरो आवाज किन निस्कन्न ?
के भयो मेरो आवाजलाई
यो के हो डल्लो गुच्चाजस्तो मेरो घाँटीमा
जो मैले घाँटी खोल्दा मुखमा गई अड्कन्छ
र मुख खोल्दा घाँटी थुन्न पुग्दछ
अनि यस्तो लाग्छ मानौं
अब ममा कुनै उम्लाइ छैन
कुनै उत्तेजना छैन
कुनै आवाज छैन
कुनै विस्फोट छैन
मभित्रको मानिस मरिसक्यो
अब त फगत् मेरो रूपमा उभिएको छ,
पड्किसकेको सोडाको एक बोतल–
एउटा खाली बोतल ?

(२०१७–रूपरेखा)

# हाम्रो

हामी जतिसुकै माथि उठौं,
जतिसुकै यताउति दगुरौं,
जतिसुकै ठूलो स्वरमा गर्जौं
तर, हामी फगत् पानीको थोपा हौं
पानीका निर्बलिया थोपा
जो सूर्यद्वारा माथि उचालिन्छौं
र बादल बन्छौं,
हावाको इशारामा यताउति दगुर्छौं
र आफूलाई गतिशील भन्ठान्छौं,
अनि एक चोटि माथि पुगेपछि
हामी आफ्नो धरतीलाई बिर्सन्छौं
र आफ्नो धरतीलाई
खोलालाई
बगरलाई उपेक्षापूर्वक
पालिएका कुकुर
झ्यालबाट गल्लीका कुकुरहरूलाई हेरेर भुकेझैं
हामी भुक्तछौं
र आफ्नो कुकुरभुकाइलाई गर्जन भन्ठान्छौं

अनि अन्त्यमा एक दिन बर्सेर चकनाचूर हुन्छौं
र फेरि परिणत हुन्छौं पानीका थोपाहरूमा
निर्बलिया थोपाहरूमा
र कुनै इनार, खाडल वा पोखरीमा
कुहेर बिताउँछौं बाँकी जीवन
टर्र...टर्र टर्टराउने घिनलाग्दा भ्यागुताहरू पालेर,
विष नभएका साँपहरू अँगालेर
हामी जतिसुकै माथि उठौं
जतिसुकै यताउति दगुरौं
जतिसुकै ठूलो स्वरमा गर्जौं
तर, हामी भित्र-भित्रै खोक्रा छौं
हाम्रो उठाइको कुनै महत्त्व छैन,
हाम्रो दगुराइको कुनै लक्ष्य छैन,
हाम्रो गर्जनको
पानीमा फालिएको अगुल्टाको 'छ्वाइयँ' भन्दा बढी वजन छैन ।

❑ ❑ ❑

हामी बाहिरबाट जतिसुकै उच्च देखिए तापनि
भित्र-भित्र निरन्तर खिइँदै र घिस्सिँदै गइरहेका छौं
हाम्रो बाहिरको उंचाइ भूटा हो,
भ्रम हो
अग्लो टाकुरामा उम्रेका च्याउको उँचाइभन्दा
यसको बर्ता महत्त्व छैन
वा दुइटा अग्ला बाँस खुट्टामा बांधेर हिंड्ने
भारतीय चटकेको उंचाइभन्दा यसको बढी विशेषता छैन
अग्लो चुच्चे टोपी लगाई नाच्ने

सर्कसको जोकरको उँचाइभन्दा यसको बढी विशेषता छैन
हामी बाहिरको उँचाइमा रमेका छौं, लट्ठिएका छौं, फुलेका छौं
तर, हामीले आफ्नो आस्थाको द्वीपमा
निरन्तर खिइँदै र घिस्सिँदै गइरहेको कुरालाई भुलेका छौं
हीनताको सानो द्वीपमा पछारिएर
हामीले आफ्नो पूर्वस्मृति गुमाइसक्यौं
हामीले आफ्नो विगत उँचाइलाई बिर्सिसक्यौं
हामीले मानिसको सामान्य उँचाइलाई बिर्सिसक्यौं
हामीले सामान्य मानिसको उँचाइलाई बिर्सिसक्यौं
त्यसैले जब कुनै सामान्य मानिस
कथामा वर्णित 'गुलिभर' झैं
आई पल्टन्छ हाम्रो आस्थाको द्वीपमा
हामी छक्क परेर उसलाई हेर्छौं
हामी उसलाई हेरेर छक्क पर्छौं
हामीलाई उसको उँचाइ देखेर आश्चर्य लाग्छ
हामीलाई आफ्नो पुड्काइ देखेर डर लाग्छ
र त हामी आफ्नो हीन भावनाका
सियो जत्रा स-साना हतियारहरूको उसमाथि
प्रहार गर्छौं
उसको अङ्ग-प्रत्यङ्गमा चढ्छौं
उफ्रन्छौं
टोक्छौं
चिमोट्छौं
र अन्त्यमा थकित भएर तल ओर्लन्छौं
शान्त हुन्छौं
समर्पित हुन्छौं

र कुनै ठूलो चट्टानमाथि उर्लेर समुद्रको छालले
तर ओर्लेर त्यसको पाउ पखालेझैं
हामी पुज्न थाल्दछौं त्यो साधारण मानवलाई
महान् भनेर
हामी बाहिरबाट जतिसुकै उच्च देखिए तापनि
भित्र-भित्रै निरन्तर खिइँदै गइरहेका छौं
हामी 'लिलिपुट' का मानव हौं ।
हामी लघुमानव हौं ।

❑ ❑ ❑

हामी आफूखुशी कहिल्यै मिल्न नसक्ने
कसैले मिलाइदिनुपर्ने,
हामी आफूखुशी कहिल्यै छुट्टिन नसक्ने
कसैले छुट्ट्याइदिनुपर्ने,
हामी आफूखुशी कहिल्यै अगाडि बढ्न नसक्ने
कसैले पछाडिबाट हिर्काउनुपर्ने, हिँडाउनुपर्ने
हामी रङ्ग-रोगन छुटेका,
टुटेका, फुटेका
पुरानो क्यारमबोर्डका गोटी हौं
एउटा मनोरञ्जक खेलका सामग्री,
एउटा खेलाडीमाथि आश्रित,
आफ्नो गति हराएका
एउटा 'स्ट्राइकर' द्वारा सञ्चालित
हो, हामी मानिस कम र बर्ता गोटी हौं ।

❑ ❑ ❑

हामी वीर छौं
तर बुद्धू छौं
हामी बुद्धू छौं
र त हामी वीर छौं
हामी बुद्धू नभईकन वीर कहिल्यै हुन सकेनौं
हामी महाभारतको कथामा वर्णित एकलव्य हौं
प्रत्येक पिंढीको द्रोणाचार्यले हामीलाई उपेक्षा गर्छ
हामीलाई ज्ञान दान गर्नबाट इन्कार गर्छ
इन्कार गर्छ मान्न हाम्रो योग्यतालाई,
शक्तिलाई,
र अस्तित्वलाई
तर, हामी तिनै द्रोणाचार्यको मूर्ति बनाउँछौं
आफ्नो झुप्रोअगाडि,
त्यसलाई पुज्छौं
ढोग्छौं
निरन्तर धनुर्विद्याको अभ्यास गर्छौं
र द्रोणाचार्यका अन्य कुलीन
चेलाहरूभन्दा बढी कुशलता प्राप्त गर्छौं
तर, हाम्रो कुशलतादेखि आश्चर्यचकित
र भयभीत भई
प्रत्येक पिंढीमा द्रोणाचार्य हामीकहाँ आउँछ
र गुरु-दक्षिणा माग्छ
र हामी सहर्ष उसको इशारामा
आफ्नो बूढी औंला काटेर उसलाई भेटी दिन्छौं,
आफ्नो अस्तित्व मेटेर उसलाई समर्पित गर्छौं
र मक्ख पर्छौं आफ्नो गुरुभक्तिमाथि

आफ्नो आत्मशक्तिमाथि
त्यसैले हामी वीर त छौं
तर, बुद्धू छौं
हामी बुद्धू छौं
र त हामी वीर छौं
हामी बुद्धू नभईकन वीर कहिल्यै हुन सकेनौं
हामी कसैको मूर्ति स्थापना नगरीकन
वीर कहिल्यै हुन सकेनौं ।

❑ ❑ ❑

हामी पाइतला हौं
केवल पाइतला
र फगत पाइतला
पाइतला : जसको भरमा शरीर उभिन्छ
पाइतला : जसको आधारमा शरीर हिँड्छ
पाइतला : जसको भरोसामा शरीर दगुर्छ
पाइतला : तर जो भन्ठान्छ कि
शरीरले कृपा गरेर उसलाई पालिरहेछ
दया गरेर उसलाई सँग-सँगै हिँडाइरहेछ
मक्ख पर्छ शरीरको महानतामाथि
र सधैं सम्पूर्ण शरीरको भार सहन्छ
सधैं शरीरको सबभन्दा तल रहन्छ
कहिल्यै शिर उचालेर माथि हेर्दैन
सधैं-सधैं नतमस्तक रहन्छ
हामी पाइतला हौं
हामी दौडमा प्रथम हुन्छौं

र हाम्रो निधारले टीका थाप्छ,
हामी दौडमा प्रथम हुन्छौं
र हाम्रो घाँटीले माला लाउँछ
हामी दौडमा प्रथम हुन्छौं
र हाम्रो छातीले तक्मा टाँस्छ
हाम्रो टीका थाप्ने निधार अर्कै छ
हाम्रो माला लाउने घाँटी अर्कै छ
हाम्रो तक्मा टाँस्ने छाती अर्कै छ,
हामी त फगत कसैको इशारामा
टेक्ने, हिँड्ने र दगुर्ने पाइतला हौं
केवल पाइतला
र फगत पाइतला ।

❑ ❑ ❑

हामी केही पनि ह्वैनौं
र शायद त्यसैले केही ह्वौं कि !
हामी कतै पनि, केही पनि छैनौं
र शायद त्यसैले कतै, केही छौं कि !
हामी बाँचिरहेका छैनौं
तर शायद त्यसैले पो बाँचेका छौं कि !
त्यसैले आओ ए शून्य पूजकहरू !
हामी सब मिलेर पुजौं यो शून्यतालाई
हामी सब मिलेर ढोगौं यो रिक्ततालाई
हाम्रो अस्तित्वको यो देवतालाई ।

(२०१७–रूपरेखा)

# मेरो देश

जहाँ
हिउँ परेको रातमा
जून, धरतीलाई भेट्न
हिमकणहरूको साथमा
मुस्कुराउँदै ओह्रालो झर्छ,
र धरतीलाई सर्वाङ्ग हाँसेको पाएर
झन् बढी मुस्कुराएर
आकाशमा फर्कने गर्छ;
जहाँ
आलुबखडाका हाँगा-हाँगामा
फुल्दछन् कुखुराका चल्लाहरू;
जहाँ
मृगमरीचिका पछि लाग्नेहरूको यादमा
रुन्छन् धूपी र सल्लाहरू;
जहाँ
बाह्रै महीना मानिसका गालामा
फुल्दछन् आरुका फूल,
जहाँ

मुटुको स्पन्दनझैं उफ्री-उफ्री
खेल्छन् मृगशावकका हूल;
जहाँ
पहराबाट छहराले
खोलामा हाम्फाल्दछ;
जहाँ– रातमा पनि हिमचुलीले
आँगनमा घाम पाल्दछ;
जहाँ
प्रत्येक पहाडको काखमा नदी
छातीमा छहरा
र निधारमा लेक हुन्छ;
जहाँ
स-साना नदीहरूमा पनि
तूफानी समुद्रको वेग हुन्छ;
जहाँ
बटुवालाई प्रत्येक झ्याङबाट
झ्याउँकीरीले गिज्याउने गर्छ;
प्रत्येक अँधेरी पँधेरोमा
जूनकीरीले ज्योति फिंजाउने गर्छ;
जहाँ
शीतल हावामा बुई चढेर
कस्तूरीको सुगन्ध डुल्दछ;
जहाँ
एकबाजि आएर
घर फर्कन वसन्त भुल्दछ;
जहाँ

बटुवालाई भन्ज्याङमा रोकेर
हिमाल पङ्खा हम्कन्छ;
जहाँ
एक-अर्काको मुख हेरेर
नीलगिरि र धवलागिरि चम्कन्छ;
जहाँ
प्रत्येक रातमा आकाशले
मङ्गल-दीप सजाउँछ;
जहाँ
प्रत्येक भोरमा धरतीले
एक गोरो छोरो जन्माउँछ;
जहाँ
हरिया-हरिया पहाडका फरिया
जहाँ
अलिक तल सारेर
निर्मल, स्वच्छ र न्यानो घाममा
हिमालले सधैं ढाड सेकेको हुन्छ
म जति टाढा भए त्यो मेरो देश
सधैं मेरो मनले
सपनामा पाइला टेकेको हुन्छ ।

(२०१७–सङ्गम)

# मध्याह्न दिन र चिसो निद्रा

अखबारको 'वान्टेड कालम'-मा
म आफ्ना आउने दिनहरूको अनुहार खोजिरहेछु,
प्रत्येक जुलूस, सभा, भाषण
र नयाँ योजनाका फाइलहरूमा
पाइला टेक्ने आधार खोजिरहेछु–
नयाँ बजेटको ओठमा
खोजिरहेछु आश्वासन
रेडियो-घोषणासँग मागिरहेछु
सान्त्वनाका दुई शब्द
नयाँ पे-स्केलले नापिरहेछु
म आफ्नो परिवारको आयु;
प्रत्येक खाली सीटको सूचनाले
मलाई जवान बनाउँछ
प्रत्येक इन्टरभ्यूको परिणाम सुनेर
जीवन, काखीको पसीनाझैं गन्हाउँछ,
आमाको ममतामा पनि
कसैले नैराश्य घोल्दछ,
बाबुको प्रोत्साहनमा पनि

चिसो सुस्केरा बोल्दछ
कुमारी बहिनीको स्यूँदोसँग, सिन्दूर झस्केझैं लाग्छ
पत्नीले थालमा सधैं-सधैं
व्यङ्ग्य पस्केझैं लाग्छ
एक युग बित्यो
म आफ्नो बिन्तिपत्रजस्तो अनुहार बोकेर
भट्किरहेछु दर-दर
पुगिरहेछु घर-घर
एक चिसो निद्राले मलाई
छोपिरहेछ निरन्तर,
मलाई थाहा छ
यसपल्ट म निदाएँ भने
फेरि कहिल्यै पनि म बिउँझन सक्तिनँ
त्यसैले
ए झुसिल्कीराझैं लाम लागेकाहरू !
ए नाराका अक्षरहरू !
अरू जोर-जोरसित नारा लगाऊ
उफ् ! म निदाउन चाहन्नँ यो दिउँसै
मलाई जगाऊ, मलाई जगाऊ ।

(२०१७–रूपरेखा)

# गलत लाग्छ मलाई
# मेरो देशको इतिहास

जब म
यी भोकमा डुबेका चोकहरूमा
यी वैलाएका कलिजस्ता गल्लीहरूमा
हेर्छु एक-दुई दिन बसेर बास
तब मलाई गलत लाग्छ
मेरो देशको इतिहास
यो बाटोको बीचमा माटो खनेर
बसेका देवताहरू
यो बुझेर पनि लाटो बनेर
बसेका मानिसहरू
यो भूकम्पपीडित मन्दिर
र
ढल्केका गजूरहरू
यी सालिक बनेर दोबाटोमा
उभिएका हजूरहरू
जब देख्छु म यी सबलाई

सधैं त्यहीं– सधैं उस्तै र
सधैं एकनास
तब मलाई गलत लाग्छ
मेरो हुरीको इतिहास
जब म
असङ्ख्य सीताहरूलाई सधैं
बाटो-दोबाटोमा,
गल्ली-गल्लीमा,
बजार-बजारमा,
देश-विदेशमा,
यूक्लिप्टसका रूखझैं नङ्ग्याइएको देख्छु
अनि जब देख्छु असङ्ख्य भीमसेन थापाहरूलाई
निस्पन्द, निश्चल, शिथिल चूपचाप उभिएका
आफ्नो आत्माको गीत झारेर
कल्कीका बोटझैं
दुवै हात तल झारेर
तब मलाई गरूँ-गरूँ झैं लाग्छ
आफ्नै रगतको उपहास
जब म
यी भोकमा डुबेका चोकहरूमा
यी वैलाएका कलिजस्ता गल्लीहरूमा
हेर्छु एक-दुई दिन बसेर बास
तब मलाई गलत लाग्छ
मेरो देशको इतिहास
सुन्छु : अमरसिंह काँगडासम्म बढेको कुरा
सुन्छु : तेन्जिङले सगरमाथा चढेको कुरा

सुन्छु : बुद्धले धरामा शान्तिको बीउ छरेको कुरा
सुन्छु : अर्निकोको कलाले विश्व-मन हरेको कुरा
सुन्छु : सधैं सुन्छु र केवल सुन्छु
तर मलाई हुँदैन विश्वास
जब म
यी भोकमा डुबेका चोकहरूमा
यी वैलाएका कलिजस्ता गल्लीहरूमा,
हेर्छु एक-दुई दिन बसेर बास
तब मलाई गलत लाग्छ
मेरो देशको इतिहास
यो मेरो सत्य इतिहास ।

(२०१७–चिराक)

# घुम्ने मेचमाथि अन्धो मान्छे

दिनभरि
सुकेको बाँसझैं
आफ्नो खोक्रोपनमाथि
उँघेर,
पछुताएर ;
दिनभरि
रोगी मलेवाझैं
आफ्नो छाती आफ्नै चुच्चोले ठुँगेर,
घाउहरू कोट्याएर ;
दिनभरि
सल्लाघारीझैं एकलासमा
अव्यक्त वेदनाले सुँक्क-सुँक्क रोएर;
दिनभरि
पाते च्याउझैं
धरती र आकाशको विशालतादेखि टाढा
एउटा सानो ठाउँमा आफ्नो खुट्टा गाडेर,
एउटा सानो छाताले आफूलाई ढाकेर

साँझमा
जब नेपाल खुम्चिएर काठमाडौं
काठमाडौं डल्लिएर नयाँ सडक
र नयाँ सडक– असङ्ख्य मानिसका पाउमुनि कुल्चिएर,
टुक्रिएर,
अखबार, चिया र पानको पसल बन्छ;
किसिम-किसिमका पोशाकमा
ओहर-दोहर गर्छन् थरीथरीका हल्लाहरू
फुल पारेको कुखुराझैं कराउँदै
हिंड्छन् अखबारहरू
र ठाउँ-ठाउँमा अन्धकार पेटीमा उक्लिन्छ
मोटरहरूको प्रकाशदेखि तर्सेर
अनि असङ्ख्य मौरीको भुनभुन र डसाइदेखि आत्तिएर
म उठ्छु
न्यायको दिनमा प्रेतात्माहरू उठेझैं
र नपाएर विस्मृतिको 'लेथे' नदी
रक्सीको गिलाँसमा हाम्फाल्छु
र बिर्सन्छु आफ्नो पूर्वकथालाई
पूर्वजुनि र मृत्युलाई
यसरी नै सधैं
चियाको किटलीबाट एउटा सूर्य उदाउँछ,
सधैं रक्सीको रित्तो गिलाँसमा एउटा सूर्य अस्ताउँछ
घुमिरहेकै छ म बसेको पृथ्वी– पूर्ववत्
फगत म अपरिचित छु
वरिपरिका परिवर्तनहरूदेखि,

दृश्यहरूदेखि,
रमाइलोदेखि,
प्रदर्शनीको घुम्ने मेचमाथि
करले बसेको अन्धो जस्तै ।

(२०१८–रूपरेखा)

# घण्टाघर

कुनै फाटेर
कुनै मुसाले काटेर
कुनै छोरा-नाति
सँगी-साथीहरूमा बाँडेर
एक-एक गरी-
फौजका सब पुराना जर्सीहरू सिद्धिए ।
तर जतनसाथ बचाई राखेको
फौजी जीवनका दुइटा प्रिय चिह्न
एउटा पुरानो डिजाइनको ठूलो, गोलो जेबघडी
छातीमा झुन्डचाएर,
अनि एउटा पुरानो टोप शिरमा लगाएर
बुढेसकालका लामा र दिक्दारे दिन बिताउने
एउटा पेन्सनवाल बूढो लाहुरेझैं
रानीपोखरीमा बल्छी हालेर
तटमा उभिएर निरन्तर
झोक्रिइरहेछ घण्टाघर ।

(२०१८-रचना)

# घैंटोभित्र वटवृक्ष

साँघुरो घैंटोभित्र माटो जमाएर
उमारिएको वटवृक्षझैं
मैले आफ्ना दुइटा हाँगाहरू फैलाएँ
र म ओइलाएँ
आफ्नो वरिपरि निसास्सिंदो पर्खाल पाएर
अनि मैले मुक्त वायुमा सास फेर्न ठिङ्ग उभिएका
आफ्ना पाँच नाङ्गा औंलाहरू पटचाएँ
प्रकाशनको खोजीमा दगुरेका
आफ्ना हस्तरेखाहरूलाई पछाडि फर्काएँ
र अब म आफ्नै मुट्ठीभित्र बन्द छु
आफ्नै कठोरताभित्र कैद छु
तर कुनै दिन
तिमीले चिन्न सके आफूभित्रको बतासलाई
र प्रकाशलाई तिमीले
जान्नेछौ कि बाहिरबाट जतिसुकै
कठोर भए पनि भित्र-भित्रै
म कोमल छु
यो बन्द मुट्ठीभित्र हत्केलाझैं !

(२०१८–शारदा)

# मेरा विगतका सपनाहरू

भारी ट्रकमुनि थिचिएर
मऱ्यो एउटा कलिलो ठिटो
हत्केला खोलेर
उसको आयुरेखा लामो थियो
लामो थियो
मेरा विगत असफल सपनाहरू जस्तै ।

(२०१८–रूपरेखा)

# ए जून !

मेरो जस्तै ए जून !
झूटो हो तिम्रो हाँसो पनि
फरक छैन तिम्रो र मेरो
भित्र-भित्र रोएर पनि बाहिरबाट हाँस्ने बानीमा
फरक यति मात्र छ हामी दुइटाको कहानीमा
कि तिमी रुन्छौ र तिम्रो आँसु शीत बन्छ
म रुन्छु र मेरो आँसु गीत बन्छ ।

(२०१९–रूपरेखा)

# शहीदहरूको सम्झनामा

हुँदैन बिहान मिर्मिरेमा तारा झरेर नगए
बन्दैन मुलुक दुई-चार सपूत मरेर नगए
ओठमा हाँसो, गालामा लाली तब आउँछ जगत्को
देशको पीरले भेटी जब वीरले चढाउँछ रगतको
घाँटीमा फाँसीको माला गाँसी वीरले हाँस्ता
मातृभूमिको चरण ढोगी भाग्दछ दासता
उम्रन्न बोट कसैले बीउ छरेर नगए
हामीले खाने प्रत्येक गाँसमा रगत छ शहीदको
हामीले फेर्ने प्रत्येक सासमा रतग छ शहीदको
हाम्रो मुटुको प्रत्येक चालमा छ धडकन शहीदको
हाम्रो खुशीको प्रत्येक पलमा छ जीवन शहीदको
पाउने थिएनौं खुशी तिनले छाडेर नगए
हामीले आफ्नो कर्तव्य बिर्से इतिहासले धिक्कार्ला
गोली निलेका शहीदका प्यारा ती लाशले धिक्कार्ला
धरतीले मुख लाजले छोप्ला, आकाशले धिक्कार्ला
शहीद रोलान् हामीले उन्नति गरेर नगए
हुँदैन बिहान मिर्मिरेमा तारा झरेर नगए
बन्दैन मुलुक दुई-चार सपूत मरेर नगए !

(२०१९-रचना)

## पोखरा

१. उपत्यका वरिपरिका डाँडा
म्यूजिकल चेयरका खेलाडी
सङ्गीतमा बाँधिएका
हिंड्नलाई तयार
बाजा बज्ने प्रतीक्षामा उभिरहेका
२. कतै लुकेर
कतै फुकेर
एउटा गहिरो डहरबाट एक्कासि निस्केर
बगिरहेछ सेती खोला
टेप-रिकर्डको फित्ताझैं
एउटा मीठो धून सुसेलेर
३. माछापुच्छ्रे
एक बिहान हेर्छ अनुहार फेवामा
र मिलाउँछ शिरमा
सेतो-कालो टोपी सक्कले ढाकाको
४. हनिमून मनाउन आएको गोरासाहेब
एक बाजि हेर्छ काउँ डाँडालाई
र हेर्छ विस्फारित नयनले

मीमसाहेबका उन्नत वक्षस्थललाई
अनि हल्लिन्छ छाया लालपातीको
'मीम सा'ब' का मर्करी गलामा
५. हवाईजहाज आइरहेका छन्
हवाईजहाज गइरहेका छन्
हवाईजहाज आइरहेछन्
हनिमूनज मनाउने जोडाहरू बोकेर,
हवाईजहाज गइरहेछन्
'ब्या' को भोलिपल्टै
कच्छमा जान डाकिएका लाहुरेहरू बोकेर,
हवाईजहाज आइरहेछन्
माच्छापुच्छ्रे हेर्न आएका टुरिष्टहरू बोकेर,
हवाईजहाज गइरहेछन्
डोको, मदुस र हलो बोकेर,
चितौनमा जग्गा खोज्न जान लागेका
माछापुच्छ्रेका सन्तानहरू बोकेर,
जहाज आइरहेछन्
जहाज गइरहेछन्
एअरपोर्टका चौतारोमाथि
एकनास
गाइरहेछ एउटा अन्धा
'चरीको आउँदैन दूध
दुःखीको हुँदैन घरबार ।'

(२०२२)

# हो–चि–मिन्हलाई चिठी

आशीर्वादजस्तो सिरानीमा उभिएको
माछापुच्छ्रे हिमालको छायामा उभिएर
म तिमीलाई सलामी दिन्छु
तिमीलाई पनि एउटा नयाँ हिमाल मानेर ।
अहिले तिमीलाई यो चिठी लेख्न बस्दा
मेरो कोठाको मौनता
परिणत भएको छ कुनै बौद्ध विहारको शान्तिमा
जहाँ बालेको धूपबाट निस्केका धूवाँझैं
बिस्तारी-बिस्तारी उठेर
मेरो अगाडि उभिइरहेछ
तिम्रो बूढो र पातलो शरीर
एउटा अस्पष्ट तर पवित्र अनुहार बोकेर ।
र मलाई अनायास याद आइरहेछ आफ्नो गाउँको
जहाँ एउटा खोला छ– 'लेते खोला'
तिमीजस्तै शान्त र दुब्लो
तर जब त्यो सानो खोलामा बाढी आउँछ
वरिपरिका ठूल्ठूला चट्टानहरूको पनि पाइला डग्मगाउँछ
र बाढी थामिएपछि

त्यसलाई छेक्न खोजेका घमण्डी पहराहरूले
आफूलाई भत्केको, भास्सिएको र चोइटिएको पाउँछन्
मेरो 'लेते खोला' !
म ढुक्क छु
तिम्रो बाढीले पनि मिल्क्याउनेछ
ती डालरका कात्रो बोकेर
तिम्रो देशमाथि आइलागेका बर्बरहरूलाई ।
भूगोलको परिधिले मलाई बाँधे तापनि
राष्ट्रहरूको बीचमा सीमारेखाहरूले
मलाई तिमीसँग बेग्ल्याए तापनि
यी सबभन्दा माथि जहाँ चेतन छ
यी सबभन्दा सच्चा जहाँ मुटुको ढुकढुकी छ
त्यहाँ म तिमीसँग छु
र युद्धमा परेको छु
तिम्रो प्रत्येक घरको भत्काइमा म बेघर भएको छु
तिम्रो प्रत्येक पुलको टुटाइमा म टुटेको छु
तिम्रो प्रत्येक गोल-गोल मङ्गोल अनुहार भएकी
आइमाईको बेइज्जतीमा
मैले आफ्नी पत्नी र दिदी-बहिनीहरूलाई
बाटोमा निर्वस्त्र देखेको छु
तिम्रो प्रत्येक बौद्ध-बिहारको विध्वंसमा
मैले आफ्नो स्वयम्भूको ज्ञानचक्षुमा
आँसु उर्लिएको देखेको छु
तिम्रो हनोईमाथिको बमवर्षाको छिर्का
मैले आफ्नो धरहरामाथि परेको अनुभव गरेको छु
र बमवर्षाका रातहरू

मैले पनि जागरणका ट्रेन्चहरूमा बिताएको छु
कों सक्छ निदाउन खरबारीमा
वरिपरि मुढाहरू दन्किरहेको बेलामा !
यी सबभन्दा बर्ता
यी सबभन्दा माथि
मैले तिम्रो प्रत्येक मृत सिपाहीबाट
बाँच्ने दर्शन सिकेको छु
जीवनको अर्थ बुझेको छु
र तिम्रो सानो देशको ठूलो आत्माबाट
मैले आफ्नो सानो आत्माभित्र
एउटा ठूलो ज्योति सल्केको पाएको छु
हनोईमाथिको बम
शहरमाथि होइन, मान्छेमाथि बम हो,
र मैले तथा मजस्तै
सारा मानिसहरूले ती बमहरूलाई
आफूमाथि पड्केको भन्ठानेका छौं
मेरो कामरेड !
मेरो हिमाल !
मेरो 'लेते खोला' !
विश्वास गर
मैले तिम्रो जीतको विश्वास गरेको छु
मानिस मर्छन्
जसरी डढेलोमा रूखहरू डढ्छन्
तर मानवता कहिल्यै मर्दैन
त्यो फेरि पलाउँछ
डढेलोपछि उम्रिने असङ्ख्य च्याउहरूजस्तै ।

आशीर्वादजस्तो सिरानीमा उभिएको
माछापुच्छ्रेको छायामा उभिएर
प्रतिज्ञाजस्तो वरिपरि दृढ उभिएका पहाडहरूलाई
हातेमालो गरेर
म किरिया हाल्ने सामर्थ्यमा छु
जीत तिम्रो हुनेछ
जीत हाम्रो हुनेछ
अन्तरिक्षमा मर्ने कुकुरको शोकमा
गिर्जाघरमा रुने ढोंगी मानवता
धरतीमा गरेको हत्याको पछुतोमा
आत्महत्या गर्न बाध्य हुनेछ ।

(२०२३)

# यो हल्लै हल्लाको देश हो

कानमा इयरफोन लगाउनुपर्ने बहिराहरू
जहाँ सङ्गीत प्रतियोगिताका जज हुन्छन्
र जहाँ आत्मामा पत्थर परेकाहरू
काव्यका निर्णायक मानिन्छन्,
काठका खुट्टाहरू जहाँ रेसमा विजेता हुन्छन्
र जहाँ प्लाष्टर गरिएका हातहरूमा
सुरक्षाको सङ्गीन थमाइन्छ,
जहाँ बाटो र अट्टालिकाहरूका ढोकाअगाडि
डोकोका डोको,
खर्पनका खर्पन,
ट्रकका ट्रक आत्माका मण्डी सजाइन्छ,
स्टाक एक्सचेन्जका शेयरजस्तै
आत्मा क्रय-विक्रय गर्न सक्नेहरू
जहाँ नेता हुन्छन्
र जहाँ निधारभरि कर्कटपाताजस्तै
चाउरी परिसकेकाहरू
तन्नेरीहरूका अगुवा हुन्छ
जहाँ जतिसुकै व्यभिचारीको पनि

इज्जतको 'वाश एन वियर क्रीज' कहिल्यै बिग्रिन्न,
जहाँ जतिसुकै/पाप गरेको वेश्याको पनि
अनुहारको टेरेलिनको छाला कहिल्यै खुम्चिन्न,
जहाँ कृषि-मेलाहरूमा
दोब्बर उब्जनी हुने बीउहरूको प्रदर्शनी गरिन्छ
र जहाँ खडेरी र अनिकालका सम्चारले भरिन्छ,
जहाँ बाग्मती र विष्णुमतीका साटोमा
अब बीयर र ह्विस्की बग्दछन्,
र जहाँ अब पशुपतिनाथ र स्वयम्भूनाथका मन्दिरको उपयोग
तिनका प्रसाद खानमा कम, र
तिनका पछाडिका वनहरूमा
आडम इभको 'वर्जित फल' खानमा बर्ता गरिन्छ,
जहाँ चिनीको कारखानाले
चिनी होइन, रक्सी मात्र बनाउँछ
र जहाँका स्वतन्त्र आमाहरूले
छोरा होइन लाहुरे मात्र जन्माउँछन्
जहाँ रिन तिर्नको लागि महाकविले
असमयमै मर्नुपर्दछ
जहाँ स्वदेशको पीरले बहुलाएको कविले
विदेशी अस्पतालको शरण पर्नुपर्दछ,
र जहाँ सरस्वतीकी एक्ली छोरीले
बिनाउपचार बैंसमै कुँजिएर जीवन बिताउनुपर्दछ,
जहाँ गाइडले टुरिष्टलाई
नेपालको विदेशलाई देन सम्झाउँछ
र बिदाको बेलामा उससित उसको
विदेशी क्यामराको देन माग्दछ,

जहाँ तन्नेरीहरू
किल्ला काँगडा र नालापानीको गीत गाउँदै
अब कवाज खेल्छन्
टाई र कोटको कलरमा खुकुरी भिरेर
यो देशमा मलाई भन्न कर लाग्छ
आफ्नो मुटु चिरेर
कि ए मेरा देशवासीहरू हो
ए मेरा देशका राष्ट्र-कविहरू हो
ए मेरा देशका सम्माननीय नेताहरू हो
भन्न मन लाग्छ भने भन मलाई
स्वदेशनिन्दक वा घृणाचिन्तक
तर यो देश तिम्रो जत्तिकै मेरो पनि देश हो
अंशैबण्डा गर्ने हो भने पनि यो देशका एक करोड
टुक्राहरूमध्ये एउटा टुक्रामाथि
मेरो पनि छाप्रो हुनेछ
र यो देशका असङ्ख्य बगरहरूमध्ये एउटा बगरमाथि
मेरो पनि चिता हुनेछ
यही भावनाले मलाई यो भन्न बाध्य गराउँछ र
आँट दिलाउँछ यो भन्न
कि 'यो हल्लै हल्लाको देश हो'
खनेर हेर्ने हो भने यहाँका प्रत्येक घरहरूका जगमा
त्यहाँ फगत हल्लै हल्ला थुप्रिएको पाइनेछ ।
त्यसैले यो हल्लै हल्लाको देश हो
यो हल्लै हल्लामाथि उभिएको देश हो
यो हल्लै हल्लामाथि उठेको देश हो
यो हल्लै हल्लाको देश हो ।

(२०२४–रूपरेखा)

# ज्वरमुक्त सूर्य, जलनमुक्त आकाश र तृप्त ताल

मैले पाएँ
नीलो निम्ता-पत्र
तिम्रा छालहरूको
र बादलु कछारलाई क्षितिजमा
झुन्ड्याएर– मैले
हाम्फालें तिम्रो जलमाथि
डुबुल्की मारें तिम्रो
गहिऱ्याइभित्र आकाशजस्तै
सिङ्गै आकाशजस्तै नाङ्गै
समाविष्ट गऱ्यौ तिमीले पनि
सम्पूर्ण मलाई आफूमा
आफूभित्र
कुहिरोहरू पन्छाएर
छालजस्तै उर्लिएर
तालजस्तै उदाङ्गिएर

नाङ्गिएर
कति सन्तुष्ट हाँसो छर्दैछ अब
मेरो ज्वरमुक्त सूर्य तिम्रो अँगालोमा
अब मलाई मेरो चटचाड चुटुङहरूले पोल्दैनन्
बिलाइसके तिम्रा अज्ञात कुराहरूभित्र
तिम्रा चञ्चल माछाहरू
अब तिम्रो शीत जललाई उनीहरूले
छिचोल्दैनन् ।
उठेर फर्किनुपरे अनि मैले आफ्नो
पूर्वस्थानमा अब म अशान्त हुन्न
असन्तुष्ट हुन्नँ,
कि म स्पष्ट देखिरहेछु
तिमीभित्र मैले कुँदेको
मेरो आफ्नो प्रतिविम्ब
चलमलाइरहेको
मेरो आफ्नो छाया
सलबलाइरहेको ।

(२०२४–रूपरेखा)

# मर्दैछ हामीमा हामी बाँचेको युग

बाँधका मुहान
अनि खोला नाला र तालका कुरहरूमा
थापेजस्तै माछा समाउने पोडेहरूले डोका र जालहरू
यो युग जसमा बाबुहरूले
भोगपछिको जिम्मेदारीसँग बाँच्न
थात्पछन्
गर्भाशयतिर लम्केका आफ्नै सम्भावित सन्तान
शुक्रकीटहरूलाई नष्ट गर्ने पासोहरू;
र आमाहरू
आफ्नो आनन्दलाई चिन्तामुक्त गर्छन्
गर्भाशयको ढोकामा
आफ्नै सम्भावित छोरा-छोरीको प्रवेशलाई
निषेध गर्ने पालेहरू उभ्याएर
यो युग जसमा
भाग्यवश
संयोगवश
पाए भने कसैले प्रवेश गर्भाशयभित्र
तीमध्ये पनि कैयन् नष्ट गरिन्छन्

आफ्नै आमा-बाबुद्वारा खटाइएका
जिउँदो वा मुर्दा समाउने आदेश पाएका
यमदूतहरूद्वारा
यस युगमा
यस्तो युगमा जन्मेका छौं हामी
जन्मिनुअगावै मृत्युको त्रास बोकेर
हत्याको सुईंको पाएर
आएका छौं हामी यस पृथ्वीमा
आफ्नै निर्माताहरूको इच्छाविरुद्ध
उनीहरूको षड्यन्त्रलाई तोडेर
पहिलो पटक
नीलो चहकिलो आकाशमुनि पहिलो पटक
हरियो भरियो पृथ्वीमाथि पहिलो पटक
पहिलो
पहिलो
र पहिलो पटक
खोल्यौं पनि त हामीले आँखा यस धरतीमा
पोलिनलाई ठीक भइसकेका
नाजी ग्याँसच्याम्बरका कैदीहरूले मूर्छा परेर
अन्तिम घडीमा मुक्ति पाएर आँखा खोलेजस्तै
आफूलाई मृत
र आँखाअगाडिको संसारलाई
मृत्युपछिको अर्के लोक भन्ठानेर
त्यसैले हामी बाँचिरहेका छौं
बाँच्नुप्रति चिसो र शङ्कालु भएर
र हामी हुर्किरहेका छौं त्यस युगमा

जुन युगमा
हामीभित्र
हामी सँग-सँगै
हुर्किरहेको छ एउटा तीव्र अनास्था
स्वयं यस युगप्रति नै
यस युगको अस्तित्वप्रति नै ।

(२०२४–रूपरेखा)

# साँझको नयाँ सडक
# जिन्दगीको जात्रा

बाह्य सुकिली नयाँ सडक, छाँट्टिएर
पेटीहरू ओहोर-दोहोर गर्छिन् साँझमा
र स्लिभलेस् ब्लाउजको पाखुरामुनि खिचापोखरी
निसासिन्छ गल्लीका
काखीका रौंजस्ता झ्वास्स उम्रेका धमिला, दुर्गन्ध
घरहरूका माझमा
पसलहरूका शो-विण्डोभित्र
सू-जि वाँग हाँसो हाँस्तछन् हङकङ सुन्दरी
मैडम टेरिउन, मिस् नाइलन र सुश्री टेरेलिनहरू
र सम्मोहित कुमारी लूपकुमारीहरू
पाखुराभरि पेन्सिलिन इन्जेक्सनको
यात्राका पदचिह्नहरू बोकेर
अँध्यारा गल्लीहरूतिर लम्किन्छन्
ब्रेसरीको खर्पनमा बासी यौवनका फलहरू उचालेर
'ट्रीप' मा मग्न हिप्पीकुमारको अँगालोमा
अर्धनग्न पीताम्बर साडी-ब्लाउजमा

फ्लावर बेबी हिप्पी मैयाँ नयाँ सडकमा हिंड्छे
नयाँ सडकका तमाम आँखाहरूलाई
आफ्नो नाइटोमा खोपाएर
र वरिपरि उभिएका पीपलको बोटमा धर्मपुत्रहरू
भित्र-भित्रै करुवा भइदिन्छन्
चौतारीवरिपरि उभ्रिन्छन्
प. स. क. को ड्रेनेजले मिल्काएका फोहरहरू
र कमलपित्ते आँखाले आउँदो भोलिलाई हेर्दछन्
अखबारका खापाहरू उघारेर ।
एउटी माग्ने आइमाईले न्यूज सेन्टरअगाडि उभिएको
सूटेड टाटकुमार नेपाली रित्तो खल्तीको एक्सरे गरिदिन्छे
पाँच्र पैसा मागेर
र टाटकुमार नेपाली
काठमाडौंको आकाशमा गालीको बेलून उडाएर
भाग्योदय चिह्नतिर हेरेर आफूलाई थुकिदिन्छ ।
म
नयाँ सडकमाथि
बोकेर
उभिनुको कुनै अर्थ पाउँदिनँ
र घरबार शब्दलाई एउटा अर्थ दिन
(दिउँसो घर र राति बार आवाद गरेर)
लेटेष्ट कविताको पारिश्रमिकलाई जाँड बनाएर घोक्छु
र नयाँ सडकलाई नाप्छु
नयाँ कविताको प्लट सोच्तै
र अनायास टुँडिखेलतिर लम्किन्छु
वरिपरिका भीडहरूतिर भैरहवा सुगर मिलको हाँसो फालेर

शहीदद्वारतिर पुगेर म अडिन पुग्छु
र अन्तिम खिल्ली चारमिनारको सल्काएर
म रित्तो बट्टाभित्र काठमाडौंको
रिक्तता हालेर मिल्काइदिन्छु
र एक टक शहीदद्वारलाई हेरेर शहीदद्वारतिर
एउटा मौन प्रश्न फाल्छु
शहीदद्वार मलाई हेरेर फिस्स हाँस्छ
र कुहिरोभित्र हराउँछ ।

(२०२५–मधुपर्क)

# नयाँ वर्ष

नयाँ सरुवा भई आएको हुलाकेभैँ
भोलामा सुर्जेको एउटा पुलिन्दा बोकेर
छानामाथि वैशाख हिंडिरहेछ
भारी अल्छी पाइला सारेर
भित्ता-घडीको लङ्गूर हल्लिरहेछ उसको
पदचापले
ट्वाक्......ट्वाक्......ट्वाक्......ट्वाक्
निस्तेज भई आकाश पल्टेको छ
न्यास्रो अनुहार पारेर
बेमौसमको बर्षात
बेला-कुबेलाको बादलको गडयाङ-गुडुङ
आकाशलाई पखालो लागेको छ
विष्णुमतीको फोहर हैजे पानी पिएर
ट्वाँ,
सहनाईको बेसुरा ध्वनिबाट निस्किरहेका छन्
हैजाका असङ्ख्य अदृश्य कीटाणुहरू
मध्याह्न दिन
चर्को घाम

सारा रूखहरूले आफ्नो आङ कन्याइरहेका छन्
फेरि एकचोटि
नयाँ वर्ष आएको छ
फेरि एकचोटि
भित्ताको नयाँ क्यालेण्डरमा
आफ्नो जीवनको भिसा झुन्ड्याउनु छ
फेरि एकचोटि
सँगी साथीहरूको सूची बनाउनु छ
फेरि एकचोटि
भयानक बमहरू बोकेर, उडिरहेका हवाईजहाज
र रकेटहरूमुनि बसेर
लेख्नु छ प्रियजनहरूको नाममा
सफलता, शान्ति र दीर्घायुको शुभकामना-पत्र ।

# पहिरो जाने पहाडमुन्तिर

अनिश्चित भविष्यको आशङ्कामय पीडा
खप्न नसकी
'थेलोडोमाइड' खाएकी गर्भिणी रात
जन्माउँछिन् लँगडा, लुला, कुच्चिएका बिहानहरू
जब बिउँभन्छु म
छिप्पिन आँटेको जाँडको घैंटोजस्तो
उत्तेजित टाउको उचालेर
अनि हेर्दैछु– ताजा अखबार :
चील र गिद्ध उडिरहेको आकाश
सिनुको गन्ध बोकेका
म गाड्छु दाँत टोष्टमाथि
र मिल्काउँछु एक टुक्रा दैलोको घामतिर
अनि घाम फैलिन्छ चाउरेको विश्वमाथि
बासी टोष्टमाथि पग्लिएको नौनीझैं
यसरी सुरु हुन्छ एउटा नयाँ दिन
यसरी सुरु हुन्छ अर्को नयाँ दिन
अर्को......अर्को...... र नयाँ दिन
हतार-हतार आउने र जाने

जुवाडीको खल्तीका नोटजस्ता चाउरिएका
असङ्ख्य नयाँ दिनहरू
घुमिरहेछ पृथ्वी
आफ्नो धुरीमा, निरन्तर
तर 'रूलेट'– को चक्काझैं
जहाँ प्रत्येक व्यक्ति टन्न छ उत्तेजनाले
बेग्लाबेग्लै बाजीमा थापिएका सिक्काझैं
आकाश त्यही छ पुरानो
तर अब त्यहाँ
चुच्चोमा खर च्यापेर गुँड बनाउन लम्केका
गौंथलीको साटोमा
उड्दछन् पचासौं मेगाटन बोकेका रकेटहरू
क्षितिज तिनै छन् घाम उदाउने र अस्ताउने
तर त्यहाँ अब थकित सूर्य पल्टन्छ
अन्तरमहाद्वीपीय क्षेप्यास्त्रको सिरानी हालेर
यो के भयो एक्कासि मेरो विश्वलाई ?
यो के भयो विश्वको 'म'–लाई ?
किन सक्तिनँ म 'स्कान अन र राक्स'– मा
जलविहार गरेर आफ्नो जलनलाई मेट्न ?
किन सक्तिनँ म आफ्ना कोमल भावनाहरूलाई कुल्चन
'लोलिटा'– लाई जस्तै;
किन सक्तिनँ म डुब्न,
'विथोवन' र 'मोजार्ट'– को सिम्फनीमा
किन ट्रम्पेट र क्यारोनेटको मुख
हेर्दाहेर्दै परिवर्तित हुन्छन्
तोप र बन्दूकहरूको नालमा ?

आहा ! मलाई थाहा छ शान्ति कहाँ छ
शान्ति हेर उः त्यहाँ भेडासिङको चौबाटोमा छ
तर किन म शान्त हुन सक्तिनँ
त्यहाँ साँढे जुभ्काइको माभ्कमा
घाँटीको दाह्रीमा उस्तरा चलाउन दिइरहेको मान्छेजस्तै !
मेरो निम्ति त शान्ति
जँड्याहा जन्डो मान्छेको स्वास्नीको गर्भमा छ
आहा ! कति क्षीण छ मेरो आशा,
हाम्रो आशा
एउटा कलिलो हँसिलो संसारको न्वारान गर्ने ।

(पोखरा)

# तीतरा, बट्टाई र भक्कूको राँगोका सन्तानहरूप्रति

जर्मनका धावैमा होस्
वा बर्माको घेरामा
मलायाका रबडका वनमा होस्
या नेफा र लद्दाखका पराइ लडाइँमा
ती जो मरे
विना कुनै स्वार्थ
विना कुनै अर्थ
व्यर्थ
तीतरा, बट्टाई र भक्कूको राँगोजस्तै
अरूको हा...हा...हामा लागेर
अरूको थपडी र नाराले जागेर
अरूले ख्वाएको जाँड र कटले मात्तिएर
'आयो गोर्खाली' भन्दै
(गोरु खालि बन्दै !)
युद्धमा हाम्फालेर
ती मरेका लोग्नेहरूको पेन्सनले

आफ्नो छोराको पास्नी गर्ने ए अभागिनी स्वास्नीहरू !
ती मरेका छोराहरूको आर्जनले आफ्नै चौरासी पूजा गर्ने
ए बूढा-बूढीहरू !
ती बितेका साथीहरूको जर्सी लगाएर
रोदीमा सोल्टी फकाउने ए तन्नेरी मान्छेहरू हो !
ती मरेका प्रेमीहरूको कोसेली चुरा लाएर
डोलीमा बस्ने ए ब्याहुली जेठी-कान्छीहरू हो !
खूपै सुहाएको छ तिम्रो छातीमा
यी तक्मा 'परम वीरचक्र' र 'भिक्टोरिया क्रस' को
तर के आउँदैन यसबाट कहिलेकाहीं
ओस्सिएको गन्ध तिम्रो आफन्तहरूका लाशको !

(पोखरा)

# भैरहवा

टाढा-टाढासम्म
जता हेऱ्यो उतै मैलो, फुस्रो धरती
उजाड, उदाङ्ग
आदिदेखि अन्तसम्म एकनास
न कतै गर्वले उठेको छ
न कतै विनम्रताले झुकेको छ
न कतै उन्मुक्त मनले खुलेको छ
न कतै जलाउँदै लुकेको छ
नखदेखि शिखसम्म
वक्ष, नितम्ब केही पनि विकसित नभएको
बाँझी तरुनीको आङजस्तो सपाट,
मुश्किलले तीस-चालीस
घरजस्ता घर
बाँकी कुभिन्डोका गाँड निस्केका
कुप्रा झुप्राहरू, डन्डीफोरझैं
यताउता जथाभाबी बेढङ्गा उठेका,
मानिस :
कोही पूर्वका

कोही पश्चिमका
कोही पहाड काँठका
कोही मधेश फाँटका
कोही भारतका, कोही भोटका
तर सब यहाँ भेला भएका छन्
खोजीमा हरिया नोटका
यहाँ मानिस कानेखुशी गर्छन्
नोट गनेको कागजे आवाजमा
पुरानो मोहर बजाँएको आवाजमा
यहाँ मानिस हाँस्तछन्
यहाँ घाम उदाउँछ
पसलहरूका ढिकभित्रबाट
र बहीखातामा जिल्लाझैं राता हुन्छन्
यहाँ घाम डुब्छ कन्तुरमा
र बहीखाताका पाताहरू पहेंलिन्छन्
सन्ध्याकालीन क्षितिजझैं
टाढा-टाढा देखिन्छन्
बुटवलका डाँडाहरू केर-मेर...केर...मेर
बहीखाता सिरानीमा 'शुभलाभ' लेखिएझैं
यो ठाउँ
एउटा यस्तो घरमा बसेजस्तो
जहाँ न भित्ता छन्
न खामा
न आँखा राख्ने झ्याल छ
न हृदय सजाउने गमला
न हाँसो उमार्ने बारी छ

न कतै मीठो गीत सुनिन्छ
न कतै मनोहर दृश्य देखिन्छ
सुनिन्छ त फगत
हावामा पौडिरहेका ट्रान्जिष्टर
ब्रोङ्काइटिस् भएका ट्रकहरूको खोकी,
बस्ने उमेर भएको बसहरूको घ्यार्र... घ्यार्र
लाहुरेहरूको बूटको आवाज
र मठ्याहा नेपाली बोली– 'अच्छा यार'
र देखिन्छ त केवल
साँझमा
रिक्सा, साइकल, भट्टी र सडकमा
लाहुरेहरू र कान्छीहरूको मांसाहारी प्यार
उफ् ! यो पट्याइलाग्दो ठाउँ
यो अत्यासलाग्दो ठाउँ,
जता हेर्‍यो उतै फुङ्ग उडेको
फुस्रो, न्यास्रो
भैरहवा
हिलोको तलाउबाट निस्केको
भैंसीको– 'भै'
तावामा छुटेर जलेको रोटीको– 'र'
गालीजस्तो नरमाइलो तातो
हावाको– 'हवा' ।

(भैरहवा)

# एक कविता

'भोक लाग्यो' ठिटोप्रति
न गाँसको प्रबन्ध
न बासको ठेगाना
तैपनि
बाँचेकै छ
हुर्केकै छ
यो मगन्ते ठिटो
नयाँ सडकको पेटीमा
पेटीजस्तै सधैं असङ्ख्य पाउमुनि कुल्चिएर

❑ ❑

कसैको वासनाको द्रुतगामी रकेटमा राखेर
यो ठिटो उडाइयो
अनजान र अनिश्चित भविष्यको अन्तरिक्षमा
विना कुनै स्पेस सूट !
'अक्सिजन मास्क'
र सुरक्षित सञ्चालनको
तर ऊ

बेवारिसपनाको भारहीन अवस्थाबाट
सकुशल ओर्लियो
नयाँ सडकको पेटीमा
झुत्रो प्यारासुट ओढेर

❑ ❑

यो शिशु
जन्मियो यिशूजस्तै
कुमारी आमाको गर्भबाट
र बसेको छ अहिले ऊ
नयाँ सडकको पेटीमा
ल्याम्प-पोष्टको 'क्रस' बोकेर ।

❑ ❑

पुसको जाडो
रौं ठाडो हुने रात
उदास, उजाड, फूटपाथ
एक कुनामा सिउरेर
सुतेको छ ऊ झुत्रो बोरा र पुराना अखबार ओढेर
अखबार : जसको छातीमा छापिएका छन्
ठूला-ठूला अक्षरमा 'बालदिवस' को समाचार
मन्त्रीज्यूबाट उद्घाटन,
मिठाइ र पुरस्कार वितरण
तथा बाल-बालिकाहरूको प्रगतिको विज्ञापन
सुत बाबा सुत
सुत ज्ञानी सुत

सुत राजा सुत
यसरी नै निश्चिन्त भई सुत
एक दिन यस्तो पनि आउनेछ
जब तिम्रा यी अखबार र झुत्रे बोराका
लुगा पनि
झुन्ड्याइने छन्– म्युजियममा
कालुपाँडेजस्तै
कालुपाँडेको लुगासँग
र त्यस बेला लेख्नेछ इतिहासकारले
'उहिले-उहिले' को नेपालमा
दुई थरीका मानिस थिए
एक थरी
जो अखबारमाथि पल्टन्थे
हेडलाइनको सिरानी हालेर
महत्त्वपूर्ण खबर बनेर,
अर्को थरी
जो त्यही खबरको न्यानो ओढेर
पुस-माघको जाडो काट्थे बेखबर भएर
......उहिले-उहिलेको नेपाल
एउटा बासी अखबारजस्तो थियो ।

# दुई सेता कलिला हत्केलाको परेवा : तिम्रो नमस्ते

कौसीमा उभिएर लज्जानत
तिमीले मतिर गुलाफी हतारमा उडाएको
दुई सेता कलिला हत्केलाको परेवा : तिम्रो नमस्ते
दिनभरि
मेरा आँखाको आकाशभरि
तिम्रो कौमार्यको सेता पखेटा फिंजाएर उडिरहन्छ
साँझभरि
मेरो हृदयको क्षितिजभरि
तिम्रो कैशोर्यको गुलाफी रङ्ग छरिरहन्छ
रातभरि
मेरो निद्राको दलिनभरि
तिम्रा सप्तरङ्गी चुराहरूको बुट्टा जडिरहन्छ
र सधैंभरि
सधैं-सधैं सधैंभरिको निम्ति
मेरो मुटुभरि
मेरो परेलाभरि

मेरो ढुकढुकीभरि
तिम्रो एकलासपनाको अस्फुट प्रार्थना र
खित्काहरू भरिरहन्छ ।
कौसीमा उभिएर लज्जानत
तिमीले मतिर गुलाफी हतारमा उडाएको
दुई सेता कलिला हत्केलाको परेवा :
तिम्रो नमस्ते ।

# चिसो एष्ट्रे

यहाँ जो आउँछन्
मुटुभरि आगो, ओठभरि ज्वाला बोकेर आउँछन्
यहाँ जो बस्छन्
हत्केलाभरि खरानी र आँखाभरि धूवाँ बोकेर बस्छन्
र यहाँबाट जो जान्छन्
पोल्टाभरि निभेका विश्वासहरू र ठुटा सपनाहरू सोहोरेर जान्छन्
यस्तो छ यो चार भन्ज्याङ खाल्टो
एउटा चिसो एष्ट्रेजस्तो छ
यो चार भन्ज्याङ खाल्टो ।

# अभिशप्त घर

जब-जब बायाँ र दायाँ पट्टिका छिमेकीहरूले
एकार्काको छानामाथि ढुङ्गा बर्साउँछन्
यस घरको छानामा घाम ताप्न बसेकी बूढीको चश्मा र
कौसीमा रमिता हेरिरहेकी दुलहीका चुराहरू फुट्छन्,
आधारातमा जब छिमेकीहरूले आपस्तमा
जहाँबाट जे पायो त्यसैले कुटाकुट गर्छन्
भोलिपल्ट बिउँभेर यस घरको बातको रोगी बूढाले
आफ्नो लौरी भाँचिएको पाउँछ।
यस्तो छ अभिशप्त घर
डढेलोको बीचमा उम्रेको खरजस्तो छ यो घर।

## म

१. म एक पुत्र
एक पति
र एक पिता हुँ

२. म एक न्वारान
एक विवाह
र एक पिता हुँ

३. म एक होटल
एक बोतल
र एक प्याला हुँ

४. म एक श्रम
एक उत्पादन
र एक ज्याला हुँ

५. म एक इन्टरभ्यु
एक लामो क्यु
र एक क्यान्डिडेट् हुँ

६. म एक खाली बिल
एक खाली विभाग
र एक खाली पेट हुँ

७. म एक सभा
एक श्रोता
एक वाह
र एक ताली हुँ

८. म नेताजीको एक गीत
एक भाषण
र एक गाली हुँ

९. म एक जुलूस
एक उफ्रचाइँ
एक नारा
र एक झन्डा हुँ

१०. म एक आवश्यकता
एक माग
एक विरोध
र एक डण्डा हुँ

११. म केवल एक जुत्ता
एक सुरुवाल
एक कमीज
र एक कोट हुँ

१२. बस म केवल
एक क्रान्ति
एक प्रजातन्त्र
एक चुनाउ
र एक भोट हुँ
केवल एक भोट हुँ ।

# रात
# काठमाडौं
# प्रातः

बाग्मतीपारि स्याल,
र वारि कुकुरहरू कराउँदा
सशङ्कित पोथी कुखुराझैं
घिच्रो तन्काएर
हेर्छन् देवलहरूले
वरिपरिका खोरहरूलाई
पखेटा झारेर
र अन्धकारले तिनलाई डोकोभित्र छोप्छ ।
अज्ञात दुलोबाट निस्केर
डस्छ गोमनले काठमाडौंलाई
र विष सर्दै-सर्दै धरहराको टुप्पोनिर पुग्छ,
गल्लीहरूका नसाभित्र रगत
कालो हुँदै जान्छ
एक्कासि अदृश्य कुनै धामीको
मन्त्रमा बाँधिएर

मुग्ध सर्प : नयाँ सडक
सल्बलाउँदै आउँछ
आङभरि धामीले फालेका
मन्त्रबद्ध सेता कौडाहरू टाँसेर
र चुस्छ, चुसिरहन्छ रातभरि
बेहोश काठमाडौंको शरीरबाट आफ्नो विष
बल्ल-बल्ल प्रातःमा
चल्मलाउँछ काठमाडौं पीडामय बेहोशीबाट
–बिउँझेर
र बोली फुट्छ अनि स्तब्ध धाराहरूका
र हाँस्न थाल्छन् उन्मुक्त झ्याल र ढोकाहरू ।

# शीत-युद्धकालका बाँदरहरू

हातमा फोहर लागेका
बाँदर सदा र सर्वत्र
दुर्गन्धले पीडित हुन्छ
सुन्तलाको घारीमा ऊ
दुर्गन्धले निसासिन्छ
गुलाफ फुलेको देख्ता
उसले नाक थुन्छ
दूषित हात उचालेर
आफ्ना अङ्गहरूलाई
बचाउने चेष्टा गर्छ
घृणित स्पर्शबाट आफ्नै हातको
अनि सफलताको चीत्कार बोकेर
ऊ वन-वन दगुर्छ
रूख, ढुङ्गा आदिमा हात पुस्छ
खोला-नालाको पानीमा हात चोपेर
ऊ मुक्त हुन खोज्छ दुर्गन्धबाट
तर, प्रत्येक प्रयासपछि
हात सुँघ्दा दुर्गन्ध

झन् बढेको पाउँछ
अनि बहुलाझैं
रूख हाँगाहरूका सारा
फलफूलहरू झार्दै
सुगन्ध र स्वादलाई मेटेर
कम गर्न खोज्दछ आफ्नो
दुर्गन्धको प्रभावलाई
र अन्तमा निराश भएर
कुनै ठाउँमा बसेर ऊ बर्बरतापूर्वक
घोट्न थाल्छ आफ्नो हात खस्रो
ढुङ्गामाथि
उसले ढुङ्गामा हात घोट्छ र सुँघ्छ
उसले आफ्नो हात सुँघ्छ र घोट्न
थाल्छ र घोटि नै रहन्छ
तबसम्म
जबसम्म कि उसको हात बेकम्मा हुँदैन
शङ्कालु बाँदरको जब एकचोटि
हात गन्हाउँछ
उसले बगैंचालाई उजाड
र आफ्नो हातलाई लुला बनाउँछ।

(रूपरेखा)

## बेड-ल्याम्प

भोरको उज्यालोमा उसलाई निभाएर
सधैं-सधैं म घरबाट निस्कन्छु
र दिन-दिनभरि
सूर्यसरि
यस क्षितिजबाट त्यस क्षितिजमा
भट्किरहन्छु
मानिसहरूको बीचमा
अनि जब रातमा घर फर्कन्छु
ऊ त्यहीं त्यसरी नै
निभेर झोक्रिएर बसेको हुन्छ
जाग्छ मनको कुनै कुनामा
एक अव्यक्त माया
र हठात् म उसलाई स्पर्श गर्न पुग्छु
ऊ खुशीले धप्प बल्छ
ऊ मेरो कोठाको 'बेड-ल्याम्प !'
ऊ मेरी 'धर्मपत्नी' ! !'

('आधुनिक नेपाली कविता' बाट)

# प्रातः एक आघात

प्रत्येक दिन
चोरझैं सुटुक्क आएर
मलाई भोरले अलिकति निचोर्छ
ब्यूँझन्छु म किरणहरूको स्पर्शले
देख्छु प्राचिका नियमित रूपमा माझिएका
सेतासेता उज्ज्वल दाँत
हुन्छ मनको कुनै कुनामा
एक हल्का तर तीक्ष्ण आघात
आह ! सकिँदै गइरहेछ मेरो जीवन
प्रत्येक दिन एक निश्चित मात्रामा टुथपेष्टझैं ।

# मानी नभएको जिन्दगानी

आउँछन् जब किरण भोरका
झ्यालभित्र ज्वरको रापझैं
उठ्छु चूपचाप ओछ्यानबाट
घाममा सुकाएको गीलो कपडाको बाफझैं
हराउँछु दिन-दिनभरि घरबाहिर
रक्सी पिएर बिर्सेको पापझैं
रातको साथमा घर फर्कन्छु
नशा उत्रेपछिको पश्चात्तापझैं
आह ! यसरी बितिरहेछ जीवन
सन्निपातको रोगीको प्रलापझैं ।

# रिक्त शय्याको स्थानबाट

शय्याको भर्खर रिक्त भएको स्थानबाट
उठिरहेछ तातो बाफ
ठ्वाक...ठ्वाक...ठ्वाक
ठक...ठक...ठक्क
तल भऱ्याङमा सुनिन्छ
टाढा गइरहेको
क्रमश: क्षीण भइरहेको
कसैको परिचित
तर असन्तुलित पदचाप
एकछिनको निम्ति वातावरण बेहोश हुन्छ
पुन: सुनिन्छ कोर्राको फटकार
बग्गीको खड-खड, घोडाको चीत्कार
बाटोको ढुङ्गा र माटोको सम्मिलित हाहाकार
म भने शय्यामा पल्टिरहेर
निस्पन्द, निश्चल, शिथिल, चूपचाप
सोचिरहेछु मैले
एकैछिन पैले

के गरें– प्रणय कि पाप !
पुन: सोच्छु– यो म के सोचिरहेछु
के यो मेरो सोचाइ मात्र ? जिज्ञासा मात्र ?
कि मेरो अन्तस्ले मसित लुकाएको पश्चात्ताप ?

# मेरो जीवन लेकझैं

मेरो जीवन लेकझैं बिरानो थियो
मेरो दुनियाँ
मुर्दा पोल्ने बगरझैं सुनसान थियो
र म आफ्नो जीवनको लेकमा
चमरी गाईको गोठालोझैं एक्लो थिएँ
तर एक–दिन
तिमी मेरो जीवनमा भैंचालोझैं अकस्मात् आयौ
तिमीले मसित प्रीत लायौ
मेरो स्वरमा–स्वर मिलाएर गीत गायौ
मैले बधाई दिएँ आफ्नो यौवनलाई
अन्तमा तिमीले पनि कसैको प्रीत पायौ
तर
जस्तो कि थियो मलाई डर
निरन्तर अपमानित भएको मानिसको हृदयभित्र
अभिमान थाकेझैं
वृद्ध शरीरभित्र प्राण थाकेझैं
तिमी मेरो प्यारमा थाक्यौ
अनि फेरि आउँला भनी

नदीको लहरमा नाचेको पातझैं
भोरको प्रतीक्षामा बाँचेको रातझैं
तिमी बेपत्ता भयौ
कुन्नि कता गयौ
यद्यपि मलाई थाहा थियो
तिमी अब कहिल्यै आउँदिनौ
मेरो स्वरमा स्वर मिलाएर अब तिमीले
कहिल्यै गाउँदिनौ
तैपनि मैले तिम्रो प्रतीक्षा गरें
असङ्ख्य मिलनको इच्छा गरें
तिमी भने
कुनै अप्रसिद्ध नयाँ लेखकको
प्रथम पुस्तकको दोस्रो संस्करणझैं
वादा गरेर पनि कहिल्यै आइनौ
म भने
आज पनि विना कुनै आशको
विना कुनै विश्वासको
कुनै कुरूप बूढी कन्याको सिउँदोले
सिन्दूरलाई पर्खेझैं
तिमीलाई पर्खिरहेछु
किनकि आज म भित्र-भित्रै
हिमशिलाझैं चर्किरहेछु ।

## 'भूपी' शेरचन

(व्यङ्ग्यात्मक सेल्फ पोर्ट्रेट)

केही लेख्छन्
यसो हेर्छन्
चित्त बुझ्दैन
अनि केर्छन्
पुनः लेख्छन्
पुनः हेर्छन्
लामो सास फेर्छन्
कठैबरा, बिचरा
'भूपी' शेरचन !

# असार

दूर लाहुरबाट
लामो याद
र छोटो बिदा बोकेर
प्रत्येक वर्ष
दसैंमा घर फर्कने लाहुरेझैं
हृदयभरि सँगीसाथीको लागि प्यार बोकेर
झोलाभरि दिदीबहिनीहरूका लागि उपहार बोकेर
खल्तीभरि सोल्टिनीका लागि इन्द्रेनीको हार बोकेर
गुन्टा बोक्ने भरिया बादललाई
फकाएर फुलाएर
अघि-अघि
छिटो-छिटो पठाएर
पछि-पछि आफू
झुम्दै-झाम्दै
नाच्तै गाउँदै
बाटोभरि मादल बजाउँदै
बूटको आवाजले

आकाश घन्काउँदै
हतार-हतार
चुहाउँदै पसीनाको धार
प्रत्येक वर्ष आउँछ असार ।

# जीवनको अँध्यारो सडकमा

जीवनको अँध्यारो सडकमा
सफलता
साइकलको डाइनेमाबाट बल्ने बत्तीझैं लाग्छ
कि जबसम्म
गतिको पैडिलमाथि
मेरो खुट्टा चलिरहन्छ
मेरो पथमा यो बत्ती बलिरहन्छ
तर जसरी नै म थाक्छु
र मेरो खुट्टा रुक्छ
अन्धकार मेरो अगाडि आएर भुक्छ ।

# हिंड्दा-हिंड्दै

हिंड्दा-हिंड्दै केही सम्झेर
बटुवा बाटोमा हाँसेझैं
किसानको हृदय अन्न बनेर
खेतको माटोमा हाँसेझैं
तिमी हाँस्ता यस्तो लाग्छ प्रिये !
तिमी मेरो साटोमा हाँसेझैं ।

# दुई टुक्रा

१. जहिले पनि भर्खरकी किशोरीजस्ती
साँच्चिकै तिमी हिमालकी छोरीजस्ती
कुन्नि के छ तिमीमा, जो अरूमा छैन
कि तिमीलाई जति पाए पनि थोरैजस्ती

२. एकलास तिम्रो बाटोमा रमाइलो साथ दिन सक्तिनँ म
तिमी थाकेर ढल्दा सहाराको हात दिन सक्तिनँ म
बर्सनै नपाई डाँडा काटेको बादल मेरो यौवन
चाहेर पनि ए ओइलाउँदी कली ! वर्षाद दिन सक्तिनँ म ।

# मेरा साथीहरू

'मैले पिएकोमा रिसाएका साथीहरू
पिएर त हेर, पिउन झन् गाह्रो छ।
मरेर शहीद हुनेहरू
जिएर त हेर, जिउन झन् गाह्रो छ !!'

# साझा प्रकाशनका केही कविता/काव्य

| | |
|---|---|
| अराजक अक्षरहरू | विजय सुब्बा |
| आमाको सपना | गोपालप्रसाद रिमाल |
| एउटी छोरीको कथा | कुन्दन शर्मा |
| एक फूल अनेक पत्र | कृष्णहरि बराल |
| एक्लो विजेता | पुरुषोत्तम सुवेदी |
| कठघरामा उभिएर | विष्णुविभु घिमिरे |
| काँडाका फूलहरू | मनु ब्राजाकी |
| चिसो चूल्लो | बालकृष्ण सम |
| जीवनको लय | श्रवण मुकारुङ |
| ठूलो मान्छे | कृष्णभक्त श्रेष्ठ |
| ताराका काँचा रङ | रत्नशमशेर थापा |
| दाजै ! कविता गाउँमै छ | भूपाल राई |
| धर्तीको गीत | दिनेश अधिकारी |
| नफुलेका फूलहरू | क्षेत्रप्रताप अधिकारी |
| नाङ्गो तार | शैलेन्द्र साकार |
| पञ्चदशिका | अनु. भरतराज पन्त |
| भूपी शेरचनका कविता | सं. शिव रेग्मी |
| मुनामदन | लक्ष्मीप्रसाद देवकोटा |
| मुटुनेरीको सिस्नेरी | शिव गौतम |
| मृत्यु-कविता | मञ्जुल |
| राजेश्वरी | माधव घिमिरे |
| लक्ष्मी गीतिसङ्ग्रह | लक्ष्मीप्रसाद देवकोटा |
| लालित्य (भाग १, २) | लेखनाथ पौड्याल |
| समसामयिक साझा कविता | सं. डा. तारानाथ शर्मा |
| साझा कविता | सं. चूडामणि बन्धु |
| हस्ताक्षर | देवेन्द्र नेपाली |

9789993326472

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर, फोन : ५५२१०२३, फ्याक्स : ५५४४२३६